# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३।०८४

प्रेस विज्ञप्ति नं. : ४५९

मितिः २०८३।०४।१४ गते।

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

## लागु औषध कारोवारको क्रोनिक (Chronic) फरार प्रतिवादी पक्राउ :

लागु औषध कारोवारमा संलग्न गराउने उद्देश्यले दोस्रो श्रीमती बिबाह गरी निजलाई लोकसेवा तयारी गर्न काठमाडौमा कोठा खोजी राखी लोकसेवा तयारी कक्षामा भर्ना समेत गरि दिई श्रीमतीलाई आफूले सप्तरीबाट काठमाण्डौ पठाएको लागु औषध रिसिभ गर्न लगाई डेराकोठामा सञ्चय गरी विक्री गर्न लगाउने गर्दै आएकोमा लागु औषध नियन्त्रण ब्यूरोवाट खटिएको टोलीले श्रीमती सबिना अधिकारीलाई मिति २०८२।०३।१२ गते लागु औषध खैरो हेरोईन सहित पक्राउ गरी थप अनुसन्धानको सिलसिलामा निज कृष्णा यादवलाई मिति २०८२।०५।२४ गते सप्तरीबाट पक्राउ गरी यस कार्यालयबाट अनुसन्धानको क्रममा जेन्जी आन्दोलनमा हिरासतबाट फरार रहेको र निज भारत लौकीमा बसी पुनः काठमाण्डौसम्म आलु र प्याजको बोराभित्र लुकाई लागु औषध सप्लाई गर्दै आएकोमा यस कार्यालयबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०४।१० गते जिल्ला सप्तरी राजगढ गा.पा. वडा नं. २ बाट पुन: पकाउ गरि थप आवश्यक अनुसन्धान भईरहेको।

**निम्नः**

❖ **पक्राउ प्रतिवादीको विवरणः**

**जिल्ला सप्तरी, छिन्नमस्ता गाउँपालिका वडा नं. ४ ठेगाना भएको वर्ष ३४ का कृष्णा यादव।**

❖ **निज फरार रहेको मुद्दाको विवरणः**

- **व्युरोमा दर्ता भएको लागु औषध खैरो हेरोईन १११ ग्राम २४० मिलिग्राम।**
  (मिति २०८२।०३।१२ गते श्रीमती सबिना अधिकारी लागु औषध खैरो हेरोईन बिक्री गर्न आएको अवस्थामा १११ ग्राम २४०मिलिग्राम सहित पक्राउ परी थप अनुसन्धानको क्रममा निज कृष्णा यादवलाई मिति २०८२।०३।१४ गते जिल्ला सप्तरी छिन्नमस्ता गा.पा. वडा नं. ३ बाट पक्राउ गरिएको)
- **व्युरोमा दर्ता भएको लागु औषध खैरो हेरोईन ३०० ग्राम।**
  (मिति २०८३।०३।२७ गते सप्तरीबाट आलु र प्याजको बोराभित्र लुकाई काठमाडौं पठाएको लागु औषध खैरो हेरोईन ३०० ग्राम सहित मनिस श्रेष्ठ समेत ३ जना पक्राउ गरि थप अनुसन्धानको सिलसिलमा बरामद खैरो हेरोईन कृष्णा यादवले पठाएको खुल्न आएको)

**नोट** :- कृष्णा यादवको श्रीमती सबिना अधिकारी समेत जेन्जी आन्दोलनमा फरार रहेकोमा मिति २०८२।११।२७ गते ला.औ.नि. व्यूरो शाखा कार्यालय थानकोटले लागु औषध खैरो हेरोईन ८८ ग्राम सहित पक्राउ गरी अनुसन्धान पश्चात सम्मानित अदालतको आदेशले पुर्पक्षको लागि केन्द्रीय कारागार जगन्नाथदेवल, सुन्धारा पठाईएको।

**प्रवक्ता/सुचना अधिकारी**
**( दुर्गा राज रेग्मी )**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]